कर्णाली प्रदेशको पहिलो दैनिक

काँक्रेविहार

राष्ट्रिय दैनिक

www .kankrebihar .com



❐ वर्ष : २५ ❐ अंक : ३३२ ❐ मंगलवार, ३० भदौ, २०८३ ❐ Tuesday, 15 Sep 2026 ❐ नेपाल संवत ११४६ ❐ पृष्ठ : ४ ❐ मूल्य : रू. १०

कालोपत्रे सडकले फेरिँदै गाउँको दैनिकी

यसअघि वर्षायाममा हिलो र हिउँदमा धूलोका कारण यातायात तथा स्थानीयको जनजीवन प्रभावित हुँदै आएको थियो । सडक सुधारसँगै बजार, विद्यालय, स्वास्थ्य संस्था तथा सरकारी कार्यालयसम्मको पहुँच सहज हुनुका साथै कृषि उपज बजारसम्म पुऱ्याउन समय र लागत घटेको स्थानीयको भनाइ छ ।

❐ **काँक्रेविहार संवाददाता**
सुर्खेत, २९ भदौ

केही वर्षअघिसम्म थारमारे-बडागाउँ-रागेचौर-चौरजहारी सडकमा यात्रा गर्नु स्थानीयका लागि सहज थिएन । वर्षायाममा सडक हिलाम्मे भएर सवारीसाधन बीच बाटोमै फस्ने र हिउँदमा धूलो उड्ने समस्या सामान्य थियो । सडकछेउका घरका झ्याल-ढोका बन्द गर्नुपर्ने अवस्था थियो भने धूलोका कारण खेतबारी, पसल तथा दैनिक जीवनसमेत प्रभावित हुने गरेको थियो । तर अहिले त्यही सडकको ठूलो हिस्सा कालोपत्र भएपछि स्थानीयको दैनिकीमा परिवर्तन आउन थालेको छ । सडक सहज बनेसँगै यातायात नियमित हुन थालेको छ भने बजार, विद्यालय, स्वास्थ्य संस्था तथा सरकारी कार्यालयसम्मको पहुँच पनि सहज भएको स्थानीय बताउँछन् ।

थारमारेदेखि कुमाख गाउँपालिका-५ चिसापानीसम्म करिब ३२ किलोमिटर सडक कालोपत्र भइसकेको छ । बाँकी खण्डमा समेत निर्माणको काम जारी छ । दशकौंदेखि कच्ची सडकको सास्ती खेप्दै आएका स्थानीय अहिले सहज र सुरक्षित यात्राको अनुभव गर्न थालेका छन् । यो सडक २०६२/०६३ सालमा ट्र्याक खुलेपछि सञ्चालनमा आएको थियो । त्यसयता सडक स्तरोन्नतिको चर्चा पटक-पटक भए पनि अपेक्षित गतिमा काम अघि बढ्न सकेको थिएन । वर्षौंसम्म सडक कच्ची अवस्थामै रहँदा वर्षायाममा यातायात अवरुद्ध हुनु सामान्यजस्तै बनेको



थियो । बिरामी बोकेका एम्बुलेन्सदेखि दैनिक उपभोग्य सामग्री बोकेका सवारी साधनसम्म हिलोमा फस्ने गरेका थिए । हिउँदमा भने धूलोका कारण पैदलयात्रु, विद्यार्थी र सडकछेउका बासिन्दाले समस्या भोग्दै आएका थिए ।

कुमाख गाउँपालिका-६ बडागाउँका स्थानीय लालबहादुर विकका अनुसार पहिले सडकको अवस्था खराब हुँदा छोटो दूरी पार गर्न पनि धेरै समय लाग्थ्यो । सडक कालोपत्र भएपछि यात्रा सहज हुनुका साथै धूलोको समस्या हटेको र गाउँको दैनिकी सहज बनेको उनले बताए । 'वर्षामा हिलो र हिउँदमा धूलोले हैरान बनाउँथ्यो । बर्खा लाग्यो कि गाडी चल्दैनथ्यो,' उनले भने, ' अहिले त हाम्रो जिन्दगी नै फेरिएको छ ।' बडागाउँकी रुपकला शर्माले सडक सुधारसँगै बजार, विद्यालय, स्वास्थ्य संस्था र सरकारी कार्यालयसम्म पुग्न सहज भएको बताइन् । पहिले वर्षा लागेपछि कतिपय दिन सवारीसाधन नै नचल्ने अवस्था रहेको भन्दै उनले अहिले नियमित रूपमा गाडी चल्न थालेको बताइन् । घरआँगनमै नियमित गाडी चढ्न पाउँदा किनमेलदेखि गाउँमा उत्पादित वस्तु बजारसम्म पुऱ्याउनसमेत सहज भएको उनको भनाइ छ ।

स्थानीय पुष्कर पन्थ सुनारका अनुसार सडक कालोपत्र भएपछि गाउँमा उत्पादन भएका आलु, सुन्तला, तरकारीलगायत कृषि उपज बजारसम्म पुऱ्याउन लाग्ने समय र लागत घटेको छ । यसअघि सडक बिग्रिएका कारण किसानले उत्पादन समयमै बजार पुऱ्याउन नसक्ने समस्या थियो । अहिले सवारीसाधन नियमित सञ्चालन हुन थालेपछि बजारसँगको पहुँच बढेको उनले बताए । सडक सुधारले महिलाको दैनिकीमा समेत सहजता ल्याएको स्थानीय कल्पना विक बताउँछिन् । स्वास्थ्य सेवा लिन, बालबालिकालाई विद्यालय पुऱ्याउन तथा दैनिक उपभोग्य सामग्री खरिद गर्न पहिलेभन्दा धेरै सुविधा भएको उनले बताइन् ।

यातायात व्यवसायीका लागि पनि सडक स्तरोन्नतिले राहत दिएको छ । सवारीचालक प्रवेश रावतका अनुसार सडकको अवस्था सुधारिएपछि यात्राको समयसँगै सवारी सञ्चालन लागतसमेत घटेको छ । 'पहिले सडक बिग्रिएका कारण गाडीमा पटक-पटक मर्मत गर्नुपर्थ्यो,' उनले भने, 'अहिले इन्धनको खपत कम भएको छ र सवारी पनि सुरक्षित रूपमा सञ्चालन गर्न सकिन्छ ।' थारमारे-बडागाउँ-रागेचौर-चौरजहारी सडक सल्यानलाई रुकुम पश्चिमको चौरजहारीसँग जोड्ने महत्वपूर्ण सडक हो । सडक सञ्चालन सहज बन्दै गएपछि दुई जिल्लाबीचको आवागमनसँगै व्यापारिक गतिविधिसमेत विस्तार हुन थालेको स्थानीयको भनाइ छ। सडक पूर्ण रूपमा कालोपत्र भएपछि कृषि उत्पादनको बजार पहुँच बढ्ने, स्थानीय व्यापार विस्तार हुने र ग्रामीण अर्थतन्त्रमा थप गतिविधि सिर्जना हुने अपेक्षा गरिएको छ ।

कर्णाली प्रदेश सरकारले २०७७ सालदेखि पूर्वाधार विकास कार्यालय सल्यानमार्फत थारमारेको जिरो प्वाइन्टबाट सडक कालोपत्रको काम सुरु गरेको हो । सडकलाई चार वटा प्याकेजमा विभाजन गरी ठेक्का व्यवस्थापन गरिएको थियो । चिसापानी नजिकसम्मको अधिकांश काम सम्पन्न भइसकेको छ ।

पूर्वाधार विकास कार्यालय सल्यानका सूचना अधिकारी सिद्धार्थ मिश्रका अनुसार निर्माण कम्पनीले सडकको अन्तिम चरणको काम गरिरहेको छ । केही स्थानमा नाली, पर्खाल, सडक सुरक्षासम्बन्धी संरचना तथा फिनिसिङको काम बाँकी रहेकाले आगामी मंसिरभित्र सम्पूर्ण काम सम्पन्न गर्ने लक्ष्य राखिएको उनले बताए । उनका अनुसार सडक निर्माण सम्पन्न भएपछि सल्यान र रुकुम पश्चिमबीचको यातायात थप सहज हुने तथा व्यापारिक गतिविधि विस्तारसँगै ग्रामीण क्षेत्रको

बाँकी पृष्ठ ४

बाढीपीडितको पुनः स्थापनामा स्रोत कमी हुँदैन : प्रधानमन्त्री



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २९ भदौ

प्रधानमन्त्री वालेन्द्र शाहले रसुवाको भोटेकोशी नदीमा आएको बाढीपछिको पुनःस्थापनाका लागि स्रोतको कुनै पनि कमी हुन नदिने प्रतिबद्धता व्यक्त गरेका छन् । प्रभावित क्षेत्रका जनप्रतिनिधिहरुसँग सोमबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा छलफल गर्दै उनले पुनःस्थापनाका लागि सरकारले आफूसँग भएको तथा दातृ निकायहरुले उपलब्ध गराएको स्रोतसाधन प्रयोग गर्ने तयारी गरिरहेको बताए ।

उनले बाढी प्रभावित स्थानीय तहका जनप्रतिनिधिहरुसँगको सोमवारको छलफल उनीहरुको मनोबल उच्च राख्न सहयोगी हुने विश्वास व्यक्त गरेको प्रधानमन्त्री शाहको सचिवालयले जनाएको छ । छलफलको क्रममा प्रधानमन्त्री शाहले प्रभावित क्षेत्रका जनप्रतिनिधिहरुबाटै विपद्का बेला संघ, प्रदेश र स्थानीय तहबिचको तत्काल समन्वय भएको कुरा सुन्न पाउँदा खुसी लागेको बताए ।

उनले जनप्रतिनिधिलाई लक्षित गर्दै भने, "यसअघि संघ, प्रदेश र स्थानीय तहबिच समन्वय हुँदैन भन्ने सुन्दैआएका थियौं, तर यस विपद्मा हामी एकै ठाउँमा उभियौं, मिलेर काम गरेका छौं ।" प्रधानमन्त्री शाहले सरकार प्रभावित क्षेत्रमा जतिसक्दो चाँडो सडक सञ्जाल पुनःस्थापना गर्नेगरी निरन्तर काम गरिरहेको उल्लेख गरे ।

नेपाललाई भारतले दैनिक ६५४ मेगावाटसम्म बिजुली दिने



❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २९ भदौ

रसुवा भोटेकोसी बाढीका कारण नेपालको जलविद्युत् उत्पादन क्षमता घटेपछि भारतले नेपाललाई दैनिक ६५४ मेगावाटसम्म विद्युत् निर्यात गर्ने भएको छ ।

भारतको विद्युत् मन्त्रालयले नेपाल विद्युत् प्राधिकरणलाई १३ सेप्टेम्बर २०२६ देखि ३१ डिसेम्बर २०२६ सम्म विद्युत् निर्यात गर्न स्वीकृति दिएको हो ।

स्वीकृतिअनुसार भारतले दैनिक १८ घण्टा अर्थात् मध्यरात १२ बजेदेखि साँझ ६ बजेसम्म नेपाललाई विद्युत् उपलब्ध गराउनेछ ।

भारतले मुजफ्फरपुर-ढल्केबर ४०० केभी डबल सर्किट प्रसारण लाइनमार्फत अधिकतम ६०० मेगावाटसम्म विद्युत् निर्यात गर्नेछ । त्यस्तै, टनकपुर-महेन्द्रनगर १३२ केभी सिंगल सर्किट प्रसारण लाइनमार्फत् थप ५४ मेगावाटसम्म विद्युत् निर्यात गर्न स्वीकृति दिइएको प्राधिकरणले जनाएको छ ।

यसअनुसार दुवै प्रसारण लाइनमार्फत भारतबाट नेपालले अधिकतम ६५४ मेगावाटसम्म विद्युत् आयात गर्न सक्नेछ ।

भारतले सन् २०२७ जनवरीदेखि नेपाललाई निर्यात गरिने विद्युतको परिमाण भने सन् २०२६ डिसेम्बरमा पुनरावलोकन गर्ने जनाएको छ ।

ऊर्जा पूर्वाधारमा भोटेकोसी बाढीले १ खर्ब ३४ अर्ब रुपैयाँ (८८ करोड ९२ लाख डलर) को क्षति पुऱ्याएको

बाँकी पृष्ठ २

प्रधानमन्त्रीसँग छलफल गरेर फर्किँदै गरेका पालिका अध्यक्ष सिंहदरबार गेटबाटै पक्राउ

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २९ भदौ



नुवाकोटको किस्पाङ गाउँपालिका अध्यक्ष वीरबल तामाङ पक्राउ परेका छन् । उनलाई प्रहरीले सिंहदरबार गेटबाट नियन्त्रणमा लिएको हो ।

अध्यक्ष तामाङ सोमवार प्रधानमन्त्री बालेन शाहसँग भएको छलफलमा सहभागी भएका थिए ।

सो छलफलमा सहभागी भएर फर्कने क्रममा उनलाई गेटबाटै पक्राउ गरिएको जिल्ला प्रहरी परिसर काठमाडौंका एसएसपी दिलिप घिमिरेले जानकारी दिए ।

उनका अनुसार, अध्यक्ष तामाङलाई बैंकिङ कसुरको मुद्दामा पक्राउ गरिएको हो । 'पक्राउ गरेर उनलाई दरबारमार्ग प्रहरी वृत्तमा बुझाइएको छ,' उनले भने । प्रधानमन्त्री शाहले सोमवार बाढी प्रभावित क्षेत्रका जनप्रतिनिधिहरूसँग छलफल गरेका थिए । उनी सोही छलफलमा सहभागी हुन सिंहदरबार पुगेका थिए ।

नदी किनाराका बस्ती स्थानान्तरण गर्ने गरी सरकारको विधेयक तयार

❐ **काँक्रेविहार संवाददाता**
काठमाडौं, २९ भदौ



सरकारले नदी किनाराका बस्तीहरूलाई स्थानान्तरण गर्न सक्ने व्यवस्था समेटिएको विधेयकको मस्यौदा तयार पारेको छ ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले बागमतीको नदी किनाराबाट सुकुमबासी बस्ती हटाइएपछि उनीहरूको व्यवस्थापनका लागि सहज होस् भनेर विधेयकको मस्यौदा तयार पारेको हो । तर भदौ १० गते भोटेकोशी नदीमा आएको बाढीका कारण रसुवा र नुवाकोटमा पुऱ्याएको क्षति पछि यस्तो विधेयक छिट्टै संसदमार्फत् अघि बढाउने तयारी सरकारले गरेको हो ।

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्री प्रतिभा रावलले एक साताभित्रै विधेयक संसदमा पुऱ्याउने गरि काम भइरहेको बताइन् ।

'हामी एक साताभित्रै सदनमा यो विधेयक लैजाने तयारीका साथ काम गरिरहेका छौं', रावलले भनिन्, 'बागमती नदी किनाराको बस्ती स्थानान्तरणको आवश्यकता देखेर विधेयक बनाएको भएपनि पछिल्लो घटनाक्रमले यसलाई तुरुन्तै अघि बढाउनुपर्ने देखिएको छ ।'

विधेयकमा नदी किनार, तालतलैया, राष्ट्रिय निकुञ्ज, आरक्ष, वन क्षेत्र र सडकको मापदण्ड तथा अन्य जोखिमयुक्त स्थानमा रहेका बस्तीहरूलाई स्थानान्तरण गर्न सकिने व्यवस्था छ ।

त्यस्तै

बाँकी पृष्ठ २

काँक्रेविहार राष्ट्रिय दैनिक
दृष्टिकोण
मंगलवार, ३० भदौ, २०८३
Tuesday, 15 Sep 2026

सम्पादकीय

पुल अलपत्र पारेर समृद्धिको यात्रा सम्भव छैन

कर्णालीको विकास र समृद्धिको चर्चामा भेरी करिडोरलाई रणनीतिक महत्वको पूर्वाधारका रूपमा लिइन्छ । जाजरकोट हुँदै डोल्पासम्म यातायात पहुँच विस्तार गर्ने उद्देश्यले निर्माण भइरहेको यो करिडोरले दुर्गम बस्तीलाई सडक सञ्जालसँग जोड्ने महत्वपूर्ण भूमिका खेलिरहेको छ । तर करिडोरअन्तर्गत निर्माणाधीन पुलहरूको दयनीय अवस्थाले विकासको गति र राज्यको कार्यशैलीमाथि नै गम्भीर प्रश्न उठाएको छ । जाजरकोटको नलगाड खण्डमा निर्माणाधीन पाँच वटा मोटरेबल पुल ठेक्का सम्झौता भएको करिब ६ वर्ष पुग्न लाग्दा पनि एउटा पुलसमेत पूरा नहुनु सामान्य ढिलाइ होइन । तीन वर्षभित्र निर्माण सम्पन्न गर्ने सम्झौता भएका पुलमध्ये कतै काम नै सुरू भएको छैन भने कतै पिलरको जग खनेर वा आधा संरचना बनाएर काम रोकिएको छ । पाँच पुल निर्माणका लागि ३१ करोड ९७ लाख ४३ हजार २ सय रूपैयाँको ठेक्का सम्झौता भएको छ । निर्माण व्यवसायीले ४ करोड ५९ लाख रूपैयाँभन्दा बढी भुक्तानीसमेत लिइसकेका छन् । तर भौतिक प्रगति भने अत्यन्त न्यून छ ।

सबैभन्दा गम्भीर प्रश्न यहीँ उठ्छ, राज्यले करोडौँ रूपैयाँको आयोजना सम्झौता गर्ने, व्यवसायीले पेश्की तथा रनिङ बिलमार्फत रकम लिने, तर वर्षौंसम्म काम नगर्ने अवस्था किन दोहोरिन्छ? निर्माण व्यवसायीको लापरबाही हो भने त्यसअनुसार कारबाही किन हुँदैन? सरकारी निकायको कमजोरी हो भने अनुगमन र नियमन प्रभावकारी किन हुन सकेन? पुल निर्माणमा भएको ढिलाइको प्रत्यक्ष असर स्थानीय नागरिकले भोगिरहेका छन् । सडकको ट्र्याक खुले पनि खोलानालामा पुल नहुँदा वर्षायाममा यातायात प्रभावित हुने गरेको छ । जोखिमपूर्ण रूपमा खोला पार गर्नुपर्ने बाध्यता छ । यसले नागरिकको समय र आर्थिक लागत मात्र बढाएको छैन, दुर्घटनाको जोखिमसमेत निम्त्याएको छ ।

निर्माण व्यवसायीले समयमै काम नगरेपछि म्याद थप्दै जाने प्रवृत्तिले समस्या समाधान गर्दैन। दुवै ठेक्काको पछिल्लो म्याद २०८३ पुस ३० गतेसम्म थपिएको छ । अब पनि विगतकै शैली दोहोरिने हो भने थपिएको म्याद पनि कागजमै सीमित हुने खतरा छ । त्यसैले सम्बन्धित निकायले अब म्याद थप्नेभन्दा परिणाम खोज्नुपर्छ । कामको प्रगति, भुक्तानी र जिम्मेवारीको स्पष्ट समीक्षा गर्दै सम्झौताअनुसार काम नगर्ने निर्माण व्यवसायीलाई कानुनी दायरामा ल्याउनुपर्छ । आवश्यक परे ठेक्का तोडेर नयाँ प्रक्रियामार्फत काम अघि बढाउने साहस गर्नुपर्छ ।

भेरी करिडोर केवल सडक होइन, कर्णालीका नागरिकको विकास, अवसर र समृद्धिसँग जोडिएको जीवनरेखा हो । त्यसैले पुलजस्ता महत्वपूर्ण संरचना वर्षौंसम्म अलपत्र पारेर कर्णालीको विकासको सपना पूरा हुन सक्दैन । सरकारले अब म्याद होइन, कामको गति र परिणाम देखाउनुपर्छ ।

नेपाललाई...

अनुमान छ । यसमा बाढीले क्षति पुऱ्याएका उपकरण तथा अन्य वस्तुको प्रतिस्थापन लागत (रिपेल्समेन्ट कस्ट) पनि जोडिएको छ । यसै गरी बाढीले ऊर्जा क्षेत्रको जलविद्युत् तथा ग्रिडमा १६ अर्ब ३४ करोड रुपैयाँ (१० करोड ७९ लाख डलर) आर्थिक क्षति पुगेको अनुमान छ । आरडीएनए प्रतिवेदनले क्षतिको मूल्यांकनमा जलविद्युत् तथा सौर्य ऊर्जा आयोजना, सबस्टेसन, प्रसारण लाइन, स्वीचयार्ड तथा विद्युत् वितरण पूर्वाधारलाई समेटेको छ ।

यस्तै घरपरिवार तथा समुदायस्तरमा प्रयोग भएका नवीकरणीय ऊर्जा प्रविधिको क्षतिको मूल्यांकन पनि गरिएको छ । भोटेकोसी बाढीले १३ जलविद्युत आयोजनामा क्षति पुऱ्याएको छ, जसको कुल क्षमता ७५९.०२५ मेगावाट छ । सात परियोजना बाढीले क्षति पुऱ्याउनुअघि सञ्चालनमा थिए, जसको क्षमता २५०.४०० मेगावाट थियो । ५०८.६२५ मेगावाटका ६ परियोजना भने निर्माणाधीन थिए । बाढीले सञ्चालनमा रहेका पाँचवटा सौर्य ऊर्जा प्लान्टमा पनि क्षति पुऱ्याएको छ । सौर्य ऊर्जा प्लान्टबाट २४.३६० मेगावाट बिजुली उत्पादन भइरहेको थियो ।

नदी...

जोखिमयुक्त स्थानमा बसोबास गरिरहेका भूमिहीन दलित, भूमिहीन सुकुमबासीलाई स्थातान्तरण गरि बसोबासको व्यवस्था मिलाउने व्यवस्था गरिएको छ ।

प्रस्तावित विधेयकले मालपोत र नक्सासम्बन्धी सेवा स्थानीय तहहरूलाई दिन सक्ने व्यवस्थासमेत प्रस्ताव गरेको छ । मन्त्रालयले केही दिन अघि विधेयकमा सर्वसाधारणको राय सुझाव माग गरेको थियो । मन्त्रिपरिषबाट स्वीकृत भएपछि विधेयक संसदमा दर्ता हुनेछ । प्रतिनिधि सभा र राष्ट्रिय सभाबाट पारित भएर राष्ट्रपतिले प्रमाणीकरण गरेपछि विधेयकले कानुनको हैसियत प्राप्त गर्नेछ ।

हिमाल पग्लिरहेको मात्र होइन, अस्थिर पनि हुँदैछ



✍ सफा बुढाथोकी

सन् २०२५ को जुलाईमा रसुवाको भोटेकोशीमा आएको अचानक बाढीले तातोपानीदेखि रसुवागढीसम्मको हिमाली जीवन र पूर्वाधारलाई झस्काएको थियो । त्यसबेला माथिल्लो हिमाली क्षेत्रमा बनेको हिमनदीमाथिको तालबाट पानी अचानक निस्किएको घटनासँग बाढीलाई जोडिएको थियो । एक वर्ष नपुग्दै सन् २०२६ अगस्ट २६ मा त्यही व्यापक हिमाली प्रणालीमा अझ विनाशकारी घटना दोहोरियो ।

यसपटक भोटेकोशी-त्रिशूली कोरिडोरमा आएको बाढीले मानवीय क्षतिसँगै घर, पुल, सडक र जलविद्युत् आयोजनामा ठुलो क्षति पुऱ्यायो । पछिल्लो सरकारी विवरणअनुसार यस विपत्तिमा १३ सय ८५ भन्दा बढी मानिसको मृत्यु र ५१ सय ३० भन्दा बढी बेपत्ता भएका छन् भने भौतिक क्षतिको प्रारम्भिक अनुमान रु. ३८७.५ अर्ब पुगेको छ ।

तर सन् २०२६ को घटना सामान्य वर्षाजन्य बाढी वा 'हिमताल फुट्यो' भनेर मात्र बुझ्नु पर्याप्त हुँदैन ।

हालसम्मका वैज्ञानिक विश्लेषणअनुसार लाङटाङ लिरुङ आसपासको उच्च हिमाली क्षेत्रमा चट्टान र बरफको ठुलो भाग खसेर बरफ-चट्टानको हिमपहिरो बनेको र त्यसले तलतिरको खोला तथा नदी प्रणालीमा अत्यन्त तीव्र माटो, ढुंगा, बरफ तथा पानीको बहाव सिर्जना गरेको देखिन्छ । यसरी हेर्दा सन् २०२६ को विपत्ति एउटा मात्र जोखिम नभएर हिमाली भू-भागमा हुने विभिन्न जोखिम एकपछि अर्को जोडिँदा बनेको क्रमिक विपत्ति थियो ।

रसुवाले एकपटक होइन, पटक-पटक संकेत दिइरहेको छ । सन् २०२५ को भोटेकोशी बाढी र सन् २०२६ को पछिल्लो विपत्तिलाई छुट्टाछुट्टै घटना मानेर बिर्सन सजिलो छ । तर दुवै घटनाले एउटा गम्भीर प्रश्न उठाउँछन् रसुवाको माथिल्लो हिमाली क्षेत्रमा के परिवर्तन भइरहेको छ ?

यस प्रश्नको उत्तर खोज्दा जलवायु परिवर्तनलाई बेवास्ता गर्न सकिँदैन । तर वैज्ञानिक रूपमा सावधानी पनि उत्तिकै आवश्यक छ । सन् २०२६ को निश्चित हिमपहिरोलाई 'जलवायु परिवर्तनकै कारण भएको' भनेर सीधा निष्कर्ष निकाल्नु अहिले उचित हुँदैन । तत्कालीन कारणमा चट्टानको कमजोरी, भू-आकृति, बरफ तथा पानीको अवस्था र अन्य स्थानीय प्रक्रियाको भूमिका हुन सक्छ ।

तर लामो समयदेखि भइरहेको तापक्रम वृद्धि, हिमनदीको क्षय, हिउँको स्वरूपमा परिवर्तन र उच्च हिमाली भूभागको अस्थिरताले यस्ता जोखिमको पृष्ठभूमि भने परिवर्तन गरिरहेको छ । यही परिवर्तनलाई मैले केही वर्षअघि गरेको आफ्नै अध्ययनमा पनि नजिकबाट नियाल्ने प्रयत्न गरेकी थिएँ ।

लाङटाङले महसुस गरेको परिवर्तन

मैले लाङटाङ उपत्यकामा सन् २०२५ मा गरेको अध्ययनमा सन् १९८९ देखि २०२४ सम्मको धुन्चे मौसम केन्द्रको तापक्रम तथा वर्षा तथ्यांकलाई स्थानीय समुदायको अनुभवसँग तुलना गरेकी थिएँ । किसान, गोठाला, होटल व्यवसायी, गाइडलगायतका ३० स्थानीय व्यक्तिसँग अर्ध-संरचित अन्तर्वार्ता गरिएको थियो । नतिजामा, सबै उत्तरदाताले विगतका वर्षको तुलनामा चिसो कम भएको बताएका थिए । ९३ देखि एक सय प्रतिशतले हिमपात र वर्षाको समय तथा स्वरूपमा परिवर्तन आएको बताए भने ७९ प्रतिशतले भारी वर्षा वा हिउँ पग्लिएपछि पहिरो बढेको अनुभव सुनाएका थिए ।

हिमनदी क्रमशः खुम्चिँदै गएको, पानीका स्रोतमा परिवर्तन आएको र खेती तथा पशुपालनको परम्परागत तालिका प्रभावित भएको कुरा पनि स्थानीय अनुभवमा आएको थियो ।

तापक्रमले के देखाउँछ ?

धुन्चेको सन् १९८९ देखि २०२४ को तथ्यांक विश्लेषण गर्दा तापक्रममा स्पष्ट वृद्धिको प्रवृत्ति देखिएको थियो । अध्ययनमा वार्षिक औसत तापक्रम करिब ०.०३ देखि ०.०५ डिग्री सेल्सियस प्रतिवर्षको दरले बढेको देखिएको थियो । स्थानीयले भनेको 'जाडो न्यानो हुँदै गयो' भन्ने अनुभवलाई यसले मौसमसम्बन्धी अभिलेखसँग जोड्ने आधार दिएको थियो ।

वर्षाको प्रकृति कस्तो रह्यो ?

जलवायु परिवर्तन भन्नाले वार्षिक वर्षाको कुल मात्रा मात्र बदलिनु होइन । वर्षा कहिले हुन्छ, कति छोटो समयमा हुन्छ र कति तीव्र हुन्छ भन्ने कुरा हिमाली जोखिमका लागि अझ महत्वपूर्ण हुनसक्छ । मेरो अध्ययनमा पनि स्थानीयहरूले छोटो समयमा हुने तीव्र वर्षा, अनिश्चित वर्षा र हिमपातमा आएको परिवर्तनलाई बारम्बार उल्लेख गरेका थिए ।

२५ अप्रिल २०१५ को गोरखा भूकम्पले लाङटाङ उपत्यकामा ठुलो हिम-चट्टान तथा भग्नावशेषको पहिरो निम्त्यायो र लाङटाङ गाउँ नै त्यसको चपेटामा परेको थियो । वैज्ञानिक अध्ययनले उक्त घटना भूकम्पले गर्दा भएको ठुलो भू-स्खलनका रूपमा अभिलेख गरेको छ ।

तर सन् २०१५ को घटना र सन् २०२६ को घटना एउटै कारणले भएका होइनन् । सन् २०१५ मा भूकम्प तत्कालीन कारण थियो भने २०२६ को घटनामा बरफ-चट्टानको हिमपहिरो तथा उच्च हिमाली भूभागको अस्थिरता प्रमुख देखिएको छ । यस भिन्नतालाई महत्वसाथ बुझ्नु पर्ने हुन्छ । हिमालमा विपत्ति एउटै कारणबाट मात्र आउँदैन, फरक-फरक प्राकृतिक प्रक्रिया एउटै नदी प्रणालीमा जोडिएर ठुलो विपत्ति बन्न सक्छन् ।

हिमताल जोखिमको हिस्सा

नेपाल-चीन हिमाली करिडोरमा भएका अध्ययनहरूले पनि जोखिमलाई गम्भीर रूपमा हेर्नुपर्ने देखाएका छन् । सन् २०२४ मा प्रकाशित एक अध्ययनले नेपाल-चीनका चार प्रमुख यातायात करिडोरमा २६ सय ८८ वटा हिमताल पहिचान गरेको थियो । सन् १९९२ देखि २०२२ सम्म यी हिमतालको कुल क्षेत्रफल करिब ३२ प्रतिशतले बढेको अध्ययनले देखाएको छ ।

केरुङ-काठमाडौं कोरिडोर उच्च हिमताल विस्फोटजन्य बाढीको जोखिम भएको क्षेत्रमध्ये परेको छ । सम्भावित हिमताल विस्फोटजन्य बाढीले सडक, पुल, सुख्खा बन्दरगाह र अन्य पूर्वाधारमा सीमापार प्रभाव पार्न सक्ने पनि अध्ययनले देखाएको छ । यसको अर्थ सबै हिमताल फुट्नेछन् भन्ने होइन । बरु समस्या के हो भने हिमताल, हिमनदी, अस्थिर चट्टानी ढलान र तलतिर बढ्दै गएको मानव पूर्वाधार एउटै जोखिम प्रणालीका भाग बनेका छन् ।

रसुवाको पछिल्लो घटनाले हामीलाई एउटा प्रश्न सोध्नै पर्ने बनाएको छ । बाढी आउनुअघि नै जोखिम पहिचान गर्न सकिँदैन ? हामी प्रायः नदीको पानी बढेपछि बाढीबारे सोच्न थाल्छौं । तर जोखिम नदीभन्दा धेरै माथि, हिमनदी वा चट्टानी ढलानबाट सुरु भएको हुन सक्छ । यसका लागि स्विट्जरल्यान्डको ब्लाटेनको घटना उपयोगी उदाहरण हो । २८ मे २०२५ मा बिर्च हिमनदीको ठुलो भाग खसेर चट्टान र बरफको भीषण हिमपहिरो आयो र गाउँको ठुलो हिस्सा पुरियो । तर त्यसअघि नै पहाडको भिरालो भागमा अस्थिरता र हिमनदीको गति बढिरहेको निगरानीबाट देखिएको थियो ।

जोखिम बढेपछि स्थानीय अधिकारीहरूले मे १७-१९ मै करिब तीन सय जनालाई सुरक्षित स्थानमा सारेका थिए । त्यसको नौ दिनपछि ठुलो घटना भयो । यसले प्रविधिको मद्दले सम्भावित दुर्घटना रोक्न सकिन्छ भन्ने महत्वपूर्ण सम्भावना देखायो । उपग्रह राडार, विश्वव्यापी स्थान निर्धारण प्रणाली (जीपीएस), क्यामेरा र भूकम्पीय निगरानीबाट जमिन तथा हिमनदीको सानो-सानो गति पनि पहिल्यै पहिचान गर्न सकिन्छ ।

ब्लाटेनमा ध्वस्त हुनुअघि पछिल्ला दिनमा हिमनदीको गति झन् तीव्र भएको पनि निगरानीबाट देखिएको थियो । नेपालले पनि यस्ता अभ्यासबाट सिक्न सक्छ । उच्च हिमाली क्षेत्रमा उपग्रह तथ्यांक, स्वचालित मापन उपकरण, भूकम्पीय निगरानी र स्थानीय समुदायको अनुभवलाई जोडेर हिमनदी, हिमताल र अस्थिर पहाडको भिरालो भागको नियमित निगरानी गर्न आवश्यक छ ।

नेपाल-चीन सीमापार क्षेत्रमा यसको आवश्यकता अझ बढी छ । जोखिमको स्रोत एकातिर र त्यसको असर अर्कोतिर हुन सक्छ । त्यसैले तत्काल सूचना आदान-प्रदान, संयुक्त निगरानी र समयमै चेतावनी दिने प्रणाली अब विपद् व्यवस्थापनको प्राथमिकतामा पर्नुपर्छ । स्थानीय समुदायलाई पनि केवल उद्धार पर्खने समूहका रूपमा होइन, जोखिम पहिचानको साझेदार बनाउनुपर्छ ।

उपग्रह निगरानीले परिवर्तन देखाउन सक्छ, मापन उपकरणले गति मापन गर्न सक्छ । तर स्थानीय मानिसले आफ्नो हिमाल र खोलामा आएको परिवर्तन वर्षौंदेखि देखिरहेका हुन्छन् । यी सबै सूचनालाई एकीकृत गर्न सकिएमा विपत्ति रोक्न नसकिए पनि क्षति घटाउन सकिन्छ ।

समुदाय निगरानीको हिस्सा हो

लाङटाङ अध्ययनको एउटा महत्वपूर्ण सिकाइ यही हो । दुर्गम हिमाली समुदाय केवल विपत्तिका पीडित होइनन्, उनीहरू वातावरणीय परिवर्तनका दीर्घकालीन पर्यवेक्षक पनि हुन् । लाङटाङका स्थानीय बासिन्दाले हिमपात घटेको, जाडो/न्यानो भएको, पहिरो बढेको, हिमनदी खुम्चिएको, पानीका स्रोतमा परिवर्तन आएको र खेती तथा पशुपालनको मौसमी तालिका परिवर्तन भएको बताएका थिए ।

यी स्थानीय अनुभव उपग्रह र मौसमसम्बन्धी तथ्यांकको विकल्प होइनन् । तर जहाँ औपचारिक निगरानी सञ्जाल सीमित छ, त्यहाँ स्थानीय ज्ञान वैज्ञानिक निगरानीको महत्वपूर्ण पूरक हुन सक्छ ।

सन् २०१५ मा भूकम्पले लाङटाङलाई हल्लायो । सन् २०२५ मा भोटेकोशीमा अचानक बाढी आयो । सन् २०२६ मा फेरि उच्च हिमाली क्षेत्रबाट सुरु भएको बरफ-चट्टानको हिमपहिरोले भोटेकोशी-त्रिशूली करिडोरलाई विनाश गर्यो ।

यी तीन घटनालाई एउटै कारणले व्याख्या गर्न मिल्दैन । तर तिनले एउटै पाठ भने दिन्छन् हिमाली जोखिमलाई टुक्राटुक्रामा बुझेर अब पुग्दैन । तापक्रम बढिरहेको छ । हिमनदीहरू परिवर्तन भइरहेका छन् । हिमतालहरू पनि बदलिरहेका छन् । पहाडका भिरालो भागहरू अस्थिर हुन सक्छन् । अर्कोतर्फ, नदी किनार र साँघुरा उपत्यकामा सडक, जलविद्युत् आयोजना, व्यापारिक केन्द्र र बस्ती विस्तार भइरहेका छन् ।

त्यसैले जोखिम केवल हिमालमा छैन । जोखिम हिमाल र मानव बस्तीबिचको सम्बन्धमा छ । हामीले अब बाढी आएपछि मात्र नदी हेर्ने होइन नदीको स्रोत, हिमनदी, हिमताल, चट्टानी ढलान र त्यससँग जोडिएको सम्पूर्ण भू-परिदृश्यलाई हेर्नुपर्ने समय आएको छ । किनकि प्रश्न अब 'अर्को बाढी कहिले आउँछ ?' भन्ने मात्र होइन । प्रश्न यो हो 'हामीले अर्को हिमाली संकेत देखिनुअघि कति कुरा बुझिसक्नेछौं ?'

(बुढाथोकी त्रिभुवन विश्वविद्यालयको जैविक विविधता तथा वातावरण व्यवस्थापन विभागमा स्नातकोत्तर गर्दैछिन् ।)

बाँकेमा एक वर्षमा १ हजार २५३ उद्योग र वाणिज्य फर्म दर्ता



❐ काँक्रेविहार संवाददाता
नेपालगञ्ज, २९ भदौ

बाँके जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा उद्योग तथा वाणिज्य प्रशासनअन्तर्गत ६२७ उद्योग र ६२६ वाणिज्य फर्म गरेर १२५३ वटा नयाँ उद्योग र फर्म दर्ता भएका छन् ।

घरेलु तथा साना उद्योग कार्यालय बाँकेका निमित्त प्रमुख उद्योग अधिकृत मोहन घर्तीमगरले जिल्लामा गत आर्थिक वर्ष २०८२/८३ मा उद्योग तथा वाणिज्य प्रशासनअन्तर्गत ६२७ उद्योग र ६२६ नयाँ वाणिज्य फर्म दर्ता भएको बताए । उनका अनुसार गत आवमा ६२७ नयाँ उद्योग दर्ता भएसँगै बाँकेमा कुल उद्योग संख्या १५ हजार ८०७ पुगेको छ । यस अवधिमा एक हजार १०१ उद्योग नवीकरण भएका छन् भने २६५ उद्योग खारेजीमा परेका अधिकृत घर्तीमगरले जानकारी दिए ।

निमित्त प्रमुख घर्तीमगरले आव २०८१/८२ मा ६५७ दर्ता, एक हजार ४२ नवीकरण र ३०९ खारेजी भएको बताए । उनका अनुसार जिल्लामा वाणिज्यतर्फ ६२६ नयाँ फर्म दर्ता भई कुल दर्ता संख्या २१ हजार ९८० पुगेको छ । एक हजार ६८८ फर्म नवीकरण र ३५६ फर्म खारेज भएको निमित्त प्रमुख उद्योग अधिकृत घर्तीमगरले जानकारी दिए । आव २०८१/८२ मा ७१२ फर्म दर्ता, एक हजार ६६१ नवीकरण र ५२७ खारेजी भएका थिए ।

कार्यालयले व्यावसायिक नियमन तथा गुणस्तर कायम राख्न वर्षभरीमा सात पटक बजार अनुगमन र ११ पटक उद्योग निरीक्षण गरेको उनले जानकारी दिए । अधिकृत घर्तीमगरका अनुसार आव २०८२/८३ मा कार्यालयका लागि विनियोजित कुल बजेट तीन करोड तीन लाख ९२ हजार रहेकामा दुई करोड २५ लाख १२ हजार ९५० खर्च भएको थियो । समग्र रूपमा यस कार्यालयको कुल वित्तीय प्रगति ७४ दशमलव शून्य आठ प्रतिशत हासिल भएको कार्यालयले जनाएको छ ।

गत आर्थिक वर्षमा सो कार्यालयको कुल राजस्व संकलन एक करोड ६३ लाख सात हजार ७९५ रुपियाँ रहेको थियो भने अघिल्लो आवमा एक करोड ९७ लाख ३१ हजार ७८५ रुपियाँ राजस्व संकलन गरिएको थियो ।

'पेज टर्नर'ले एकसाथ ल्यायो चार कृति



❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २९ भदौ

पेज टर्नर प्रकाशनले अंग्रेजी नयाँ संवतको अवसर पारेर चार वटा कृति प्रकाशनमा ल्याएको छ ।

प्रकाशित कृतिहरुमा गोविन्दराज भट्टराईको उपन्यास 'नयाँ मुगलान', जयराम तिमल्सिनाको उपन्यास 'धीमहि', प्रतीक ढकालको नियात्रा 'गण्डकीको मुहानतिर'को दोस्रो संस्करण तथा सर्जक ढकालकै छन्दोबद्ध बालकाव्य 'हाम्रै राम्रा हिमाल' छन् ।

२०३१ सालमा बजारमा आएको भट्टराईको उपन्यास 'मुगलान' प्रकाशनको आधा शताब्दीपछि 'नयाँ मुगलान' प्रकाशित भएको छ ।

विगत पाँच दशकमा नेपालीहरूको मुगलाने प्रवृत्ति कायमै रहेको, तर मुगलान भने फेरिएर विश्वभरि फैलिएको सन्दर्भमा रित्तिँदै र एक्लिँदै गएको नेपाली गाउँघरको दुःख यस उपन्यासले समेटेको छ ।

जयराम तिमल्सिनाको पहिलो उपन्यास 'धीमहि' ले आन्तरिक र बाह्य द्वन्द्वको कुचत्रमा फसेका पात्रहरूले मुक्तिका लागि अख्तियार गरेका अल्पकालीन र दीर्घकालीन मार्गहरूको तुलनात्मक प्रस्तुति समेटेको छ ।

ढकालको 'गण्डकीको मुहानतिर' भने पहिलोपल्ट २०६८ सालमा छापिएको नियात्राकृति हो । कृतिमा मनास्लु यात्राको रोमाञ्चकारी चित्रण समेटिएको ।

उनको 'हाम्रै राम्रा हिमाल' भने बाल पाठकलाई लक्षित गरेर तयार पारिएको रङ्गीन, चित्रात्मक हिमाल-परिचय पुस्तक हो । यसमा ढकालले ८० वटा हिमालको परिचय बाल सुलभ र लयात्मक शैलीमा प्रस्तुत गरेका छन् ।

गाउँपालिकाको केन्द्रमा खानेपानीको हाहाकार

❐ काँक्रेविहार संवाददाता
कालीकोट, २९ भदौ

जिल्लाको पलाँता गाउँपालिकाको केन्द्र रानीबिसौनामा सरकारी संरचना निर्माण भए पनि खानेपानीको आधारभूत सुविधा नहुँदा नागरिकदेखि कर्मचारीसम्म सास्ती खेप्न बाध्य भएका छन् । पलाँता क्षेत्र यसैपनि सुख्खा क्षेत्रका रूपमा चिनिन्छ । तर गाउँपालिकाको केन्द्र नै खानेपानीविहीन बनेपछि सरकारी सेवा लिन आउने नागरिक र कार्यालयमा कार्यरत कर्मचारीले हप्तौंसम्म किरा परेको डुम्मा जम्मा गरिएको पानी पिउनुपर्ने अवस्था आएको छ ।

पलाँता गाउँपालिकाले पछिल्लो निर्णयबाट रानीबिसौनालाई गाउँपालिकाको केन्द्र



तोकेपछि त्यहाँ विभिन्न सरकारी संरचना निर्माण गरिएका छन् । तर केन्द्रका लागि आवश्यक आधारभूत पूर्वाधारमध्ये सबैभन्दा महत्वपूर्ण मानिने खानेपानीको स्थायी व्यवस्था भने हुन सकेको छैन ।

स्थानीय लङ्कबहादुर बमका अनुसार रानीबिसौनामा खानेपानीको समस्या नयाँ होइन ।

सुख्खा क्षेत्र भएकाले सामान्य अवस्थामा समेत पानीको अभाव हुने गरेकोमा गाउँपालिकाको केन्द्र नै त्यहाँ सारिएपछि समस्या झनै गम्भीर बनेको हो । गाउँपालिकाका कार्यालय, कर्मचारी तथा सेवा लिन आउने नागरिकको संख्या बढेपनि खानेपानीको व्यवस्थापनमा भने पर्याप्त ध्यान नदिइएको बमको गुनासो छ ।

"सरकारले केन्द्र त तोक्यो, भवन पनि बनायो, तर मानिसले पिउने पानीको व्यवस्था गर्न सकेन," बमले भने, "कर्मचारी र सेवाग्राहीले समेत डुम्मा जम्मा गरिएको पानी पिउनुपर्ने अवस्था छ । पानीमा किरा परेको देखिन्छ, यस्तो पानी पिउँदा स्वास्थ्यमा के असर पर्छ भन्ने चिन्ता छ । रानीबिसौनालाई केन्द्र तोक्ने विषय पनि विगतदेखि विवादित रहँदै आएको छ । यसअघि गाउँपालिकाको नेतृत्वमा रहेको सरकारले लोडे क्षेत्रमा गाउँपालिकाको केन्द्र तोकेको थियो ।

त्यसपछि सरकार परिवर्तनसँगै अघिल्लो निर्णयलाई निरन्तरता नदिई रानीबिसौनालाई केन्द्र तोकिएको स्थानीयको भनाइ छ । केन्द्र परिवर्तनसँगै रानीबिसौनामा सरकारी संरचना निर्माण भए पनि केन्द्र सञ्चालनका लागि आवश्यक पूर्वाधारको समग्र योजना नबनाइएको भन्दै आलोचना भइरहेको छ । तल कर्णाली बगिरहेको छ भने गाउँपालिकाको पुर्वीक्षेत्रबाट तिब्गाढ बगिरहेको छ तर केन्द्रमा पिउने पानीको सधैं अभाव छ ।

जग्गाको कित्ताकाट रोकिएपछि सेवाग्राही मर्कामा

❐ काँक्रेविहार संवाददाता
हुम्ला, २९ भदौ

भूमिको वर्गीकरण प्रक्रिया समयमै पूरा नगरेका जिल्लाका चार वटा गाउँपालिकाका जग्गाको कित्ताकाट रोकिएपछि सेवाग्राही मर्कामा परेका छन् । भूउपयोग नियमावली अनुसार लागू भएको व्यवस्थासँगै साउन १ गतेदेखि लागु हुने गरी ती गाउँपालिकामा कित्ताकाट कार्य स्वतः बन्द हुँदा सेवाग्राही मर्कामा पर्नु भएको हो । जग्गाको कित्ताकाट रोकिदा बिक्रीका लागि तयार गरिएको जग्गालाई बिक्री गर्न नपाएको सिमकोट गाउँपालिकाका नन्द रावतले बताए ।

गाउँपालिकाको लापरवाहीले आफ्नो काम समयमै गर्न नपाएको उनको गुनासो छ । नियमावलीले असार मसान्तभित्र भूमी वर्गीकरण सम्पन्न गर्नुपर्ने व्यवस्था गरिएको भएपनि हुम्लाका चार वटा गाउँपालिकाको जग्गाको कित्ताकाटका लागि निर्धारित समयसीमा नपुगेका ती गाउँपालिकाको जग्गा टुक्र्याएर बिक्री गर्ने वा व्यावसायिक प्लटिङका लागि गरिने कित्ताकाटमा रोक लागेको नापी कार्यालयका प्रमुख रामकृष्ण शाहीले बताए । सरकारले भूउपयोग नियमावली अनुसार जग्गाको वर्गीकरण गर्नुपर्ने व्यवस्था गरेपनि चार वटा गाउँपालिकाले जग्गाको वर्गीकरण नगर्दा कित्ताकाट रोकिएको हो । यसरी जग्गाको वर्गीकरण गर्न नसक्ने गाउँपालिकामा सिमकोट, खार्पुनाथ, चंखेली र ताँजाकोट गाउँपालिका रहेको उनले बताए ।

पटक-पटक ती गाउँपालिकालाई यो कार्य गर्न आग्रह गर्दा पनि केही नलागेको उनको भनाइ छ । जग्गाको कित्ताकाट रोकिएका गाउँपालिकामा जग्गाको किनबेच र कारोवारमा प्रतिकुल प्रभाव परेको छ । यी गाउँपालिकाका सेवाग्राहीलाई जग्गाको कित्ताकाट रोकिदा जग्गा धितो राखेर बैङ्क तथा वित्तिय संस्थाबाट ऋण लिन नपाउदा व्यावसायिक तथा आपत्कालीन काम रोकिएर आर्थिक समस्या भन् थपिएको छ । स्थानीय तहले जग्गाको वर्गीकरण गर्दा कृषि, आवासीय, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज, वन, नदी, खोला सिमसार क्षेत्र, सार्वजनिक उपभोग क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वका क्षेत्र र अन्य गरी दश वटा क्षेत्रमा वर्गीकरण गर्नुपर्ने भुउपयोग नियमावलीमा व्यवस्था छ ।

यद्यपि, यो निर्णयले अंशबन्डा प्रक्रियालाई भने असर नगर्ने स्पष्ट गरिएको छ । पारिवारिक अंशबन्डाका लागि हुने जग्गा विभाजन यथावत् रहनेछ भने व्यापारिक प्रयोजनका लागि गरिने कित्ताकाट मात्रै रोकिएको हो । यता जिल्लाका नाम्खा, सर्केगार्ड र अदानचुली गाउँपालिकाले भने आफ्नो क्षेत्रभित्रको जग्गाको वर्गीकरण गरिसकेका कारण कित्ताकाटमा कुनै समस्या भएको छैन ।

१० वटा ठेक्का रद्द, कालोसूचीमा राख्ने प्रक्रिया अगाडि बढाइयो

❐ काँक्रेविहार संवाददाता
बैतडी, २९ भदौ

सडक डिभिजन कार्यालय बैतडीले विभिन्न सडक आयोजनाका १० वटा ठेक्का सम्झौता रद्द गरेको छ । कार्यालयले सूचना प्रकाशित गर्दै 'तोकिएको म्याद समाप्त भइसकेको' तर निर्माण तथा मर्मत कार्य सम्पन्न नभएको जनाएको छ । निर्माण कार्य अलपत्र पार्ने र सम्झौताको पालना नगर्ने प्रवृत्ति बढेपछि डिभिजनले यस्तो कडा कदम चालेको हो । सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ को उपदफा ७ र ठेक्का सम्झौताको साधारण सर्त (जीसीसी) बमोजिम ती ठेक्काहरू तोडिएको हो । सम्झौता रद्द गरिएका निर्माण व्यवसायीहरूलाई सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४१ बमोजिम कालो सूचीमा राख्न सिफारिस गरिनेछ । यसका साथै ऐनको दफा ५९ को उपदफा ८ अनुसार कार्यसम्पादन जमानत, धरौटी रकम र बाँकी रहेको पेस्की बापतको जमानत जफत हुनेछ । कार्यालयले न्यू सहारा कन्स्ट्रक्सन डडेल्धुरा, जयलक्ष्मी निर्माण सेवा बाजुरा, प्रभास कन्स्ट्रक्सन बैतडी, श्री नरेन्द्र निर्माण सेवा बाजुरा, कुलगाडे निर्माण सेवा बैतडी, बिग बी एन्ड कम्पनी प्रालि बैतडी र रणसैनी निर्माण सेवा बैतडीसहितका विभिन्न निर्माण व्यवसायीका ठेक्काहरू अन्त्य गरेको छ । महाकाली राजमार्ग, खोड्पे-चैनपुर राजमार्ग, मध्यपहाडी राजमार्ग र दार्चुला राजमार्ग अन्तर्गतका सडक मर्मत, स्तरोन्नति तथा सुरक्षासम्बन्धी ठेक्काहरू रद्द भएका हुन् । निर्माण व्यवसायीहरूले गर्नुपर्ने काम र भुक्तानी बाँकी रहेका विषयमा कार्यालयले १५ दिनको समयसीमा दिएको छ । सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र निर्माण व्यवसायीहरूलाई डिभिजन कार्यालयमा सम्पर्क राखेर आर्थिक फरफारक गर्न भनिएको छ । सम्बन्धित व्यवसायी वा प्रतिनिधि उपस्थित नभएमा कार्यालयका प्राविधिकमार्फत नापजाँच गरी वित्तीय फरफारक गरिनेछ ।

डिजिटल युगको विश्वसनीय आवाज
www.kankrebihar.com

सिमकोट हिल्सा सडक सुचारू



❐ काँक्रेविहार संवाददाता
हुम्ला, २९ भदौ

सिमकोट हिल्सा सडक सुचारु भएको छ । आईतबार रातभर परेको वर्षाका कारण माथिबाट सडकमा ढुङ्गा खस्दा नाम्खा गाउँपालिका-४ को सल्लीमा सडक अबरुद्ध भएको मा त्यसलाई हटाएपछि सडक सुचारु भएको हो ।

सडकमा ठुलै ढुङ्गा खसेको कारण सिमकोट हिल्सा सडकको सल्लीमा दुईतर्फी सडक अवरुद्ध भएको भएको सडक सुचारु भएको जिल्ला प्हरी कार्यालयका सुचना अधिकारी प्रहरी निरीक्षक युवराज ढकालले बताउनुभयो । मेशिन आएर सो सडकमा खसेको ढुङ्गा पन्छाएपछि सडक सुचारु भएको हो । सडक अवरुद्ध भएको चीनको ताक्लाकोटमा अनौपचारिक छलफलमा गएको टोली रोकिएको थियो ।

सडक सुचारु भएसँगै सो टोली पनि अगाडी जान पाएको छ । सो टोलीमा प्रमुख जिल्ला अधिकारी भोलानाथ गुरागाई, प्रहरी नायव उपरीक्षक शंकर खड्का, सशस्त्र प्रहरी नायव उपरीक्षक नन्दबहादुर साउद, राष्ट्रिय अनुसन्धानका प्रमुख मेघनाथ कँडेल र नाम्खा गाउँपालिकाका अध्यक्ष प्रेमबहादुर लामाको सहभागिता रहेको छ । बझाडका प्रमुख जिल्ला अधिकारीको टोली पनि रहेको छ ।

उक्त क्षेत्रमा दुवैतर्फ यातायातका साधनको आवागमन पनि सुचारु भएको छ । त्यसैगरी पहिरोले सिमकोट गाउँपालिका-५ को मानसरोवर मावि पछाडिपट्टीको अवरुद्ध सडक पनि सुचारु भएको प्रहरीले जनाएको छ ।

पूर्णबहादुर गगनसँग नजिकिएपछि शशांकको टिप्पणी-

कुनै समूह चोइटिन्छ भने हामीले के गर्न सक्छौं ?

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २९ भदौ

नेपाली कांग्रेसको इतर पक्षका नेता डा. शशांक कोइरालाले तत्कालीन कार्यवाहक सभापति पूर्णबहादुर खड्काले चुनदेवी छाडेको बारे धारणा दिएका छन् । सोमबार शेरबहादुर देउवा समूहको सम्पर्क कार्यालय चुनदेवीमा आयोजित पत्रकार सम्मेलनमा उनले पार्टीभित्रको एकता कायम राख्न वार्ताको विकल्प नभएको पनि बताए ।

खड्का समूह सानेपा जान तयार भएको बारे शशांकलाई प्रश्न गरिएको थियो । 'हामी एकताबद्ध भएर जान चाहन्छौं । कुनै समूह चोइटिन्छ भने हामीले के गर्न सक्छौं ? वार्ताबाहेक हाम्रो कुनै समाधान छैन । उनीहरूसँग वार्ता गरेर मूल बाटोमा हामी



उनीहरूलाई स्वागत गर्न चाहन्छौं । एकताबद्ध भएर हामी अगाडि बढ्न चाहन्छौं,' उनले भने ।

शशांकले संस्थापन पक्षले दाबी गरेजस्तो आफूहरूको माग सम्बोधन नभएको दाबी गरे । 'उहाँको तर्कले मात्र कहाँ पुग्छ, हाम्रो तर्क पनि त सुन्नुपर्‍यो नि । हामीले त कतिचोटि भन्यौं, एकताबद्ध भएर जाऔं भनेर, वार्ता गर्न आउनुस् भनेर । उहाँसँग मात्र होइन, गगनजीसँग पनि भन्यौं । विश्वप्रकाशजीसँग पनि भन्यौं । तर आउनुभएन,' उनले भने ।

पत्रकार सम्मेलनका क्रममा शेरबहादुर देउवाले गगन थापालाई भेटका लागि समय नदिएकोबारे सोधिएको प्रश्नमा शशांकले भने, 'व्यस्त भएर होला, नभेट्ने कुरा आउँदैन ।'

सर्वोच्चले रक्षा मन्त्रालय र सेनालाई सोध्यो-

ग्रीन आर्मीलाई सैन्य गतिविधिका लागि सहमति दिएको हो ?

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २९ भदौ

नेपाली सेनासँग मिल्दोजुल्दो पोसाक, दर्ज्यानी चिह्न र सैनिक संरचना प्रयोग गरेको कारण विवादमा परेको ग्रीन आर्मी नेपालको वैधानिकतालाई लिएर सर्वोच्च अदालतले सरकारसँग जवाफ मागेको छ । न्यायाधीश नित्यानन्द पाण्डेयको एकल इजलासले सोमबार प्रारम्भिक सुनुवाइ गर्दै सबै विपक्षीका नाममा कारण देखाऊ आदेश जारी गरेको हो ।

अदालतले रिटमा विपक्षी बनाइएका प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गृह मन्त्रालय, रक्षा मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, समाज कल्याण परिषद्, काठमाडौं जिल्ला प्रशासन कार्यालय, गोकर्णेश्वर नगरपालिका, कम्पनी रजिस्ट्रारको कार्यालय र ग्रीन आर्मी नेपाललाई आदेश जारी गरी संस्थाको दर्ता, सञ्चालन, पोसाक, दर्जा तथा गतिविधिबारे कानुनी आधारसहित



जवाफ पेस गर्न भनेको छ ।

विशेषगरी रिटमा उठाइएको एउटा महत्त्वपूर्ण प्रश्न रक्षा मन्त्रालय र नेपाली सेनातर्फ लक्षित छ । गैरसरकारी संस्थालाई सैन्य प्रकृतिको पोसाक, दर्ज्यानी चिह्न र सैनिक शैलीको संरचना प्रयोग गर्न के आधारमा सहमति दिइयो विषय सोमबारको बहसमा जोडतोडले उठेको थियो ।

बहसका क्रममा संविधानविद् भीमार्जुन आचार्यले भने, 'यदि नेपाली सेनाले नै यसका लागि सहमति दिएको हो भने जंगी अड्डालाई पनि लाज लाग्नुपर्छ । यसरी गैरसरकारी संस्थामार्फत सैन्य प्रकृतिको संगठन सञ्चालन र परिचालन गर्ने अनि त्यसमा राष्ट्रको सेनाले समेत सहमति दिने कुरा कल्पना पनि गर्न सकिन्न । यो भनेको राष्ट्रिय सुरक्षा, राष्ट्रको सार्वभौमसत्ता र अखण्डतालाई नै कमजोर बनाउने कुरा हो । हाम्रो संविधानले नेपाली सेनाबाहेक अरु कुनै पनि प्रकारका आर्मीको अस्तित्वको परिकल्पना गरेको छैन ।'

आशावादी बन्दै लगानीकर्ता, नेप्सेमा लगातार दोहोरो अंकको वृद्धि

❐ काँक्रेविहार संवाददाता
काठमाडौं, २९ भदौ

सेयर बजार परिसूचक नेप्से लगातार दोस्रो दिन पनि दोहोरो अंकले बढेको छ ।

नेप्से परिसूचक सोमबार २५.५५ अंकले बढेर २५८५ विन्दुमा पुगेको हो ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले सेयर बजार सुधारको लागि प्याकेज लिएर आउने केही समय अगाडि घोषणा गरेसँगै सेयर बजारमा सकारात्मक प्रभाव परेको हो ।

सँगसँगै प्रधानमन्त्री बालेन्द्र शाहले निजी क्षेत्रलाई विश्वासमा लिने प्रयास स्वरूप व्यवसायहरूसँग



भेटघाट बढाएसँगै लगानीकर्ताहरू सकारात्मक बनेका हुन् ।

सेयर बजारमा धेरैजसो कम्पनीहरूको मूल्य न्युन विन्दुमा आएको र कम्पनीहरूले लाभांश घोषणा गर्न थालेपछि पनि बजारमा क्रमशः सुधार देखिँदै गएको हो ।

सोमबार सेयर बजारमा ४ अर्ब ६८ करोडको कारोबार भएको छ । यसअघि ४ अर्ब २६ करोडको कारोबार भएको थियो ।

कारोबारमा आएकामध्ये २२६ वटाको कम्पनीको सेयर मूल्य बढेको छ । ४७ वटको घटेको छ भने दुइटामा परिवर्तन देखिएको छैन ।

इन्फिनिटी लघुवित्त वित्तीय संस्थाको मूल्य सबैभन्दा धेरै ६.४३ प्रतिशतले बढेर ९२५ रूपैयाँमा कारोबार भएको छ ।

उपकार लघुवित्तको सबैभन्दा धेरै ८.२३ प्रतिशतले मूल्य घटेर २५३६ रूपैयाँमा कारोबार भएको छ । एनआरएन इन्फ्रास्ट्रकचर डेभलपमेन्ट लिमिटेड र लिबर्टी इनजीको सबैभन्दा धेरै रकमको कारोबार भएको छ ।

एनआरएनको २४ करोड ९० लाख रूपैयाँ र लिबर्टीको २३ करोड ८४ लाख रूपैयाँको कारोबार भएको हो ।

कालोपत्रे...

आर्थिक विकासमा समेत टेवा पुग्ने छ । यद्यपि सम्पूर्ण सडक कालोपत्र हुन अझै केही समय लाग्ने देखिएको छ ।

कुमाख गाउँपालिकाको रागेचौर, स्यानीपिप्ली हुँदै रुकुम पश्चिमको चौरजहारी सम्मको बाँकी खण्डमा सडक डिभिजन कार्यालय चौरजहारी र सडक डिभिजन कार्यालय दाङमार्फत निर्माण कार्य भइरहेको छ । जिल्ला समन्वय समिति सल्यानका उपप्रमुख असबिर बुढाथोकीले पूरै सडक कालोपत्र भएपछि जिल्लाका ग्रामीण क्षेत्रमा शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन तथा व्यापारका क्षेत्रमा थप अवसर सिर्जना हुने बताए । वर्षौंसम्म कच्ची सडकका कारण सास्ती खेपेका स्थानीयका लागि कालोपत्र सडक केवल सहज यातायातको माध्यम मात्र बनेको छैन, यो गाउँको आर्थिक गतिविधि र दैनिक जीवन परिवर्तन गर्ने आधारसमेत बन्दै गएको छ । बाँकी सडक खण्डको कामसमेत समयमै सम्पन्न गर्न सके थारमारेदेखि चौरजहारी सम्मको यात्रा थप सहज, सुरक्षित र भरपर्दो बन्नेछ ।





काँक्रेविहार प्रकाशन प्रा.लि.द्वारा प्रकाशित, प्रधान कार्यालय : वीरेन्द्रनगर-६, सुर्खेत, फोनः ०८३-५९०१११/९८५१३४४७५४/९८६४८८०६००, **Email :** ekankrebihardaily@gmail.com, **web :** kankrebihar.com
सम्पादक : सुशीलराज शर्मा, कार्यकारी सम्पादक : नविन सुवेदी, मुद्रण : मिसन अफसेट प्रेस (बाँके), ग्लोबल अफसेट प्रेस (सुर्खेत)